नेपाल सरकार

अर्थ मन्त्रालय

# सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय

अनामनगर, काठमाडौं

## ACCA अध्ययन सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०७७/४/३०)

यस सचिवालयको समन्वयमा संचालित एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना (IPFMRP) बाट नेपाल सरकार महालेखा नियन्त्रक कार्यालय अन्तरगत लेखा समुहमा कार्यरत कर्मचारी मध्येवाट ACCA अध्ययन गराउने निर्णय भएकोले सो कोर्स अध्ययन गर्न इच्छुक र तल उल्लेखित मनोनयनका आधार भित्र पर्ने उम्मेदवारहरुले मिति २०७७/५/१२ भित्रमा यस सचिवालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**निवेदकको लागि मनोनयनको आधारहरु:**

1) निजामती सेवाको प्रशासन सेवा, लेखा समुहको कर्मचारी हुनुपर्ने र शैक्षिक योग्यताको हकमा व्यवस्थापन संकायमा Bachelor Degree प्राप्त भएको,
2) निजामती सेवा नियमावलीको नियम ४९ (ग) अनुसार ३ बर्ष सेवा अवधि पुगेको,
3) सोही नियमावलीको नियम ४९ (घ) अनुसार ४५ बर्ष उमेर ननाघेको,
4) निजामती सेवा ऐनको दफा ४०ग अनुसारको सेवा अवधि सम्म सेवा गर्नुपर्ने गरी ४०घ बमोजिमको कवुलियत गर्नु पर्ने,
5) मनोनयनमा परेमा कोर्स शुरु भएको २ बर्ष अवधि भित्र अध्ययन पुरा नगर्ने कर्मचारीले तत् पश्चात लाग्ने सम्पूर्ण खर्च आफैले व्यहोर्नु पर्ने।

सो सम्बन्धी विस्तृत जानकारी महालेखा नियन्त्रक कार्यालयको वेवसाइट www.fcgo.gov.np तथा पेफा सचिवालयको वेवसाइट www.pefa.gov.np मा उपलब्ध छ ।

**थप जानकारीको लागि**

**पेफा सचिवालय, अनामनगर**

फोन नं: ०१-४७७०७०६